निर्णय नं.२८

भरतपुर उप-महानगरपालिका कार्यालयको आगामी आर्थिक बर्ष ०७४/७५ को लागि उप-महानगरपालिकाको बोर्डद्धारा प्रस्ताव गरिएको आय (अनुदान, आन्तरिक आय, ऋण तथा सापटि समेत गरि कुल) ८९,५०,९९,४०० तथा चालु तथा पूँजीगत खर्च एवं सामाजिक सुरक्षा भत्ता समेत समेटिएको रु ८९,५०,९९,४०० को व्यय अनुमान स्वीकृत गर्ने निर्णय गरियो । यसै गरि आ.व.०७२/७३ को यथार्थ आय रु ६०,८६,८७,९९४।९४ र यथार्थ व्यय रु **६२,४०,३७,११०।५२** लाई अनुमोदन गर्ने तथा आ.व.०७३।७४ को संशोधित अनुमानित आय रु ७९,४१,३८,२८०।०० र व्यय अनुमान रु ७९,४१,३८,२८०।०० पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२९

२०६० साल अगाडीको पेश्की वेरुजू फछ्र्यौटको लागि समिति गठन गरि कार्य गर्दै आएकोमा वेरुजू फछ्र्यौटलाई अझ प्रभाबकारी कार्यान्वयनको लागि न.पा. वोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३०

आ.व. ०७२/७३ मा संचालन भई कार्य सम्पन्न भएका योजनाहरुको जाँच पास र फरफारकका लागि नगरपरिषद्मा पेश हुन आएकोमा सो सम्वन्धमा छलफल गरि जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो । (जाच पास तथा फरफारक गरिएका योजनाहरुको सूची यसै साथ संलग्न छ)

निर्णय नं.३१

भरतपुर उप-महानगरपालिका पदपूर्ति समितिका सदस्य सचिव महेश बरालले पेश गरेको पदपूर्ती समितिको प्रतिवेदन उपर छलफल गरि प्रतिवेदनमा औल्याएका विषयवस्तुलाई कार्यान्वयन गर्न भरतपुर उप-महानगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.३२

न.पा. बोर्डद्वारा प्रस्ताव गरिएको आगामी आर्थिक बर्षका लागि प्रस्तावित कर, दस्तुर, शुल्क तथा महसुल तथा जरीवानाको कर स्वीकृत गरियो । यसैगरी कर, दस्तुर, शुल्क, महशुलको दर रेट छुट भएमा वा संशोधन र निर्धारण गर्नु पर्ने भएमा नगरपरिषद्वाट अनुमोदन गराउने गरि कार्यान्वयन गर्न भ.उ.म.न.पा.वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३३

वालमैत्री कोषमा रकम संकलनका लागि नगर क्षेत्र भित्र सञ्चालन हुने मेला, महोत्सवहरुमा थप शुल्क लिन सक्ने अधिकार भ.उ.म.न.पा. वोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं.३४

सरकारी/सार्जजनिक भवनको नक्सा पास अपाङ्ग मैत्री भए मात्र सो को नक्सा पास गर्ने नीति कार्यान्वयन गर्दै आएकोमा त्यसलाई आ.व. ०७३/७४ मा अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३५

विद्युतीय वोलपत्र प्रणालीलाई आ.व. ०७०/७१ देखी कार्यान्वयन गरिएकोमा यसलाई चालु आ.व. ०७३/७४ र आगामी आ.व. ०७४/७५ मा समेत प्रभावकारी रुपमा कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.३६

आ.व. ०७३/७४ को लागि वार्षिक खरिद योजना बजेट एवं कार्यक्रम संगै पेश भए अनुसार पारित गर्न साथै आगामी आ.व. ०७४/७५ का लागि बजेट तथा कार्यक्रम अनुसार खरिद योजना पारित गर्ने निर्णय गरियो । खरिद योजना अनुसूचीमा संलग्न छ ।

निर्णय नं.३७

आ.व. ०७२/७३ को अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरियो । साथै लेखा परिक्षण प्रतिवेदनमा औंल्याएका वेरुजुहरुको फर्छ्यौट तर्फ आवश्यक कार्वाही गर्न र सुझावहरुलाई कार्यान्वयन गर्न र उक्त अन्तिम लेखा परिक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो । साथै ले.प. प्रतिबेदनमा उल्लेखित पेश्की वेरुजु फछ्र्यौट गर्न कार्यदल परिचालन गर्ने निणर्य गरियो ।

निर्णय नं.३८

सेवा प्रवाहलाई चुस्त, छरितो तथा प्रभावकारी बनाउन तयार गरिएको क्षमता विकास योजना आ.व. ०७४/७५ देखि ०७६/७७ सम्मका लागि स्वीकृत गर्ने निणर्य गरियो ।

निर्णय नं.३९

आ.व. ०७३/७४ को भ.उ.म.न.पा.मा  कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४०

आ.व. ०७२/७३ को सामाजिक परिक्षणको अन्तिम प्रतिवेदन नगरपरिषद् वैठकमा पेश भएकोमा सो उपर छलफल गरी प्रतिवेदनमा उल्लेखित विषयवस्तुहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४१

फोहरमैला व्यवस्थापनको लागि जनचेतना मुलक कार्यक्रम यस चालु आ.व. ०७३/७४ र आगामी आ.व. ०७४/७५ मा समेत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४२

यस भरतपुर उ.म.न.पा.मा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइएको कार्य विवरणका आधारमा निम्न अनुसार मुल्याङ्कनका सूचक बनाई उत्कृष्ठ आठ जना कर्मचारीलाई निम्न अनुसार प्रसंशा-पत्र द्बारा पुरस्कृत गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. सूचक | समय पालन | अंक २० प्राप्ताङ्क .......... |
| ख. सूचक | इमान्दारीता | अंक २० प्राप्ताङ्क .......... |
| ग.सूचक | अनुशासन | अंक २० प्राप्ताङ्क...... |
| घ. सूचक | कार्यदक्षता | अंक २० प्राप्ताङ्क .......... |
| ङ. सूचक | लगनशिलता | अंक २० प्राप्ताङ्क .......... |

| | |
|---|---|
| सुचना अधिकृत श्री मेनका पण्डित | प्राप्ताङ्क ७० |
| ना.सु. श्री दधि राम शर्मा | प्राप्ताङ्क ७२ |
| सव-ईन्जिनियर श्री राम वावु अर्याल | प्राप्ताङ्क ७४ |
| वडा सचिब श्री विजय राज अधिकारी | प्राप्ताङ्क ७६ |
| सुपरभाईजर श्री वुद्धि सागर न्यौपाने | प्राप्ताङ्क ७८ |
| सवारी चालक श्री हिरा लाल कंडेल | प्राप्ताङ्क ७९ |
| सुरक्षा गार्ड श्री डवल वहादुर रिजाल | प्राप्ताङ्क ८१ |
| कार्यालय सहयोगी श्री चन्द्र प्रसाद अधिकारी | प्राप्ताङ्क ८२ |

निर्णय नं.४३

चालु आ.व.०७०/०७१ देखि नै वातावरण संरक्षण विशेष कोष खडा भएको र वातावरण संरक्षणसंग सम्वन्धित कार्यक्रमहरुको खर्च व्यवस्थापन सोही कोषवाट गर्ने गरिएकोमा यसलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.४४

राष्ट्रिय कार्यक्रमका अतिरिक्त जनस्वास्थ्य प्रर्वद्धन सम्वन्धी थप कार्यक्रमहरु नगरपरिषद्ले वजेट विनियोजन गरे अनुसार संचालन गर्न र स्वास्थ्य योजना पारित गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.४५

विपद्का क्षेत्रहरु, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरु समेत उल्लेख गरि आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan 2070) पारित गरि कार्यान्वयन गरिएकोमा वडा विस्तार भई कार्य क्षेत्र वढ्न गएकोले नया क्षेत्र समेटि नया (Disaster Risk Management Plan ) वनाउन भ.उ.म.न.पा. वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४६

आ.व. ०७३/७४ को लागि संसोधित र ०७४/७५ को लागि वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम २०७३ पारित गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४७

छुट्टै विपद् व्यवस्थापन कोष खडा भएकोमा सो कोषमा रकम जम्मा गर्ने र सो संग सम्वन्धित कार्यहरुको खर्च सोही कोषवाट गर्ने निर्णय गरियो ।

निर्णय नं.४८

भरतपुर उप-महानगरपालिकामा कार्यरत नगर प्रहरीहरुको समग्र व्यवस्थापनको लागि गत नगर परिषदवाट विनियम वनाउन भ.उ.म.न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गरे अनुसार न.पा.वोर्डको मिति २०७३/६/१९ गते वसेको वैठकवाट "भरतपुर उप-महानगरपालिकामा कार्यरत नगरप्रहरीहरुको सेवा, सुविधाको संवन्धमा व्यवस्था गर्न वनेको विनियम, २०७३"पारित गर्ने निर्णय भएकोमा सो निणर्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४९

आ.व. ०७२/७३ को जिन्सी निरिक्षण प्रतिवेदन उपर छलफल गरि सो प्रतिवेदनले औंल्याएका सुझावहरुलाई कार्यान्वयन गर्नै तथा कार्यालयको स्वामित्वमा रहेका, जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम गर्न सिफारिस गरेका सामाग्री प्रकृया पुऱ्याई लिलाम विक्री गर्ने निर्णय गरियो ।

निर्णय नं.५०

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ वमोजिम यस उप-महानगरपालिकालाई आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी वर्तमान कार्यवोझलाई आधार मानी (दरबन्दीको संरचना अनुसुचीमा संलग्न छ) साथै अति आवश्यक पर्ने क्षेत्र (प्राविधिक, सरसफाई, वातावरण संरक्षण, पार्किङ्ग व्यवस्थापन, वारुणयन्त्र संचालन) आदि कार्य सेवा करारमा काममा लगाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.५१

लैङ्गिक समता तथा समाजिक समावेशीकरणको नीति वमोजिम आर्थिक तथा समाजिक रुपमा पछाडि परेका समुदायको उत्थानको लागि स्थानीय निकाय स्रोत परिचालन कार्यविधिले उल्लेख गरे वमोजिम लक्षित समुहलाई प्रत्यक्ष फाइदा पुग्ने गरि विनियोजित वजेटमा उल्लेखित कार्यक्रमहरु आ.व. ०७३/७४ र आ.व. ०७४/७५ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.५२

बालश्रम निवारण सम्वन्धी साथै बालमैत्री स्थानीय शासन पद्दती/कार्यक्रमलाई अझ प्रभावकारी रुपले कार्यान्वयन गर्ने र वि.सं. २०७५ सम्म वालमैत्री नगर घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.५३

चालु आ.व.०७३/७४ र आ.व.०७४/७५ लाई समेटिने गरि पेश भएको यस भरतपुर उप-महानगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन छलफल गरि पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५४

भ.उ.न.पा. को आन्तरीक आय बृद्धिको लागि करदाता शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.५५

मर्मत सम्भार निर्देशिका, २०७० पारित गरि कार्यान्वयन गर्दै आएकोमा भरतपुर उप-महानगरपालिकाको उक्त निर्देशिका प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.५६

न.पा. मा संचालन हुने आयोजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षण एवं अनुगमन र सुपरीवेक्षणका लागि न.पा. प्रमुखको अध्यक्षतामा न.पा. वोर्डले वनाएको अनुगमन समितिलाई अनुमोदन गरी प्रभावकारी अनुगमन गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५७

भरतपुर उप-महानगरपालिका क्षेत्र भित्र रहेका (सार्वजनिक/ऐलानी/पर्ति) जग्गाहरुको अभिलेख व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.५८

आ.व. ०७१/७२ भन्दा अगावै व्यवसाय दर्ता गरि व्यवसाय संचालन नगरेका व्यवसायीहरुको लगत कट्टा गर्नका लागि सार्वजनिक सूचना जारी गरि तोकिएको मिति भित्र व्यवसाय दर्ता खारेज गर्न आउने व्यवसायीहरुले तिर्नु पर्ने पछिल्लो तीन आर्थिक वर्षको लाग्ने शुल्क (कर चुक्ता गराई) वडा समिति कार्यालयको सर्जमिन मुचुल्काको आधारमा लगत कट्टा गर्ने नीतिगत निर्णय गरियो ।

निर्णय नं.५९

वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० आ.व. ०७०/७१ देखी कार्यान्वयन गरिएकोमा यस प्रारुपलाई यसै चालु आ.व. ०७३/७४ मा समेत विभिन्न कार्यक्रम योजना तर्जुमा गर्न र कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.६०

साविक भरतपुर नगरपालिकाको नवौं नगरपरिषद्को नीति अनुरुप विद्यमान कर्मचारी संख्यामा कटौती गर्ने नीतिलाई कार्यान्वयन गर्न यस कार्यालयमा १५ वर्ष भन्दा वढी स्थायी सेवा अवधि पुरा गरेका कर्मचारीहरु मध्येवाट चालु आ.व. ०७३/७४ मा दुई जना स्थायी कर्मचारीहरुले यस Golden Handshake को निर्णय बमोजिम स्वच्छीक अवकाश लिन चाहेमा पहिला निवेदन पेश गरेको तथा औचित्यको आधारमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६८ बमोजिम निजले पाउने उपदान रकमको हिसाव गर्दा निजको सेवा अवधिमा थप सात वर्ष सेवा अवधि थप गरि हुने जम्मा कुल वर्ष वरावरको उपदान रकम निजलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ बमोजिमको कोषवाट भुक्तानी दिने । पुनश्चः ५८ वर्ष पुरा भई अनिवार्य अवकाश हुने उमेर सात वर्ष भन्दा कम वर्ष भएका कर्मचारीहरुको हकमा अनिवार्य अबकाश हुन जति वर्ष वाँकी छ सोही वर्ष मात्र थप गणना गरि यो सुविधा दिने नीति पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.६१

साविक भरतपुर नगरपालिका कार्यालयको संगठन संरचनालाई समयानुकुल एवं चुस्त दुरुस्त वनाउन र कर्मचारीहरुको वृत्ति विकास गर्नका लागि चालु आ.व.०७३/७४ मा संगठन विकास सम्वन्धी अध्ययन विश्लेषण गराउन परामर्शदाता नियुक्त गरी संगठन बिकास सम्बन्धी अध्ययन बिश्लेषणको प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदन आबश्यक प्रक्रिया पुरा गरी पारित गरि कार्यान्वयन गर्ने अधिकार न.पा. बोर्डमा दिने निर्णय गरियो ।

निर्णय नं.६२

भरतपुर उप-महानगरपालिकाको क्षेत्र बिस्तार भई साबिकको १४ वडाबाट हाल २९ वडा कायम भएको र महानगरपालिका घोषणा हुन लागेको बर्तमान सर्न्दभमा नगरबासीलाई सर्व सुलभ सेवा प्रदान गर्न सेवा केन्द्र स्थापना गर्न नागरिक समाज, राजनैतिक दल एवं नगरबासीबाट व्यापक माग आएकोले आवश्यक संयुक्त/वडा समितिको कार्यालयमा यस कार्यालय बाट अधिकार प्रत्यायोजन भए बमोजिम सेबा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.६३

आ.व.०७१/७२ देखी लागु हुने गरि एक घर दुई रुखको नीतिलाई यस भ.उ.म.न.पा. को नक्सापास मापदण्डमा Tie-Up गरि कार्यान्वयन गरिएकोमा यो नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.६४

भरतपुर उप-महानगरपालिका वडा नं. १, ३, ४, ५ स्थित नारायणी नदी किनार तथा नगरबन विशेष गरि नारायणगढ बजार क्षेत्रलाई पर्यटकीय स्थल, मनोरञ्जन पार्क तथा तीर्थस्थलको रुपमा समेत विकास गर्न आवश्यक देखिएकोले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम १५७ वमोजिम सार्वजनिक नीजि साझेदारी अवाधारणा अनुरुप नीजि क्षेत्र, नागरीक समाज समेतलाई सहभागी गराई कार्य गर्नका लागि निर्देशिका वनाउन न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.६५

आ.व. ०७२/७३ को यथार्थ आय तथा खर्चको अन्तिम लेखा परिक्षण प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं.६६

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमका सूचनाहरु कानुनले तोके बमोजिम प्रकाशन गर्ने र उक्त कार्य गर्न सूचना शाखा/सूचना अधिकारी/सूचना अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.६७

नगर प्रोफाइल २०७३ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.६८

एकिकृत नगर विकास योजनामा तर्जुमा गर्ने प्रक्रिया थालनी गर्ने आ.व.०७३/०७४ मा तयार भएको भ.उ.म.न.पा.को नगर यातयात गुरु योजना अनुमोदनको लागि भ.उ.म.न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.६९

भ.उ.म.न.पा.कार्यालयको पेश्की तथा बेरुजु फछ्र्यौट समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.७०

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र यस कार्यालयका कार्यकारी अधिकृत बीच मिति २०७१/८/५ मा भएको कार्य सम्पादन सम्झौतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, उक्त सम्झौतालाई उप-महानगरपालिकाको मूल नीतिको रुपमा अपनाउन र सो अनुसार बजेट कार्यक्रम बनाई कार्य योजना अनुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.७१

भरतपुर उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन नगर घोषणालाई निरन्तरता दिदै हाल भरतपुर उप-महानगरपालिकामा थप भएका वडाहरुलाई समेत समावेश गरि सोही अवधी सम्ममा यस उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन उप-महानगरपालिका घोषणा गर्नका लागि विस्तारित क्षेत्रमा समेत बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम विस्तार गर्ने गरि विगतको वर्ष देखि संचालन गर्दै आएका कार्यक्रमहरुलाई निरन्तरता दिई घोषणा गर्न पुरा गर्नु पर्ने निर्धारित सूचकहरुको आधारमा आवश्यक थप पूर्वाधार तयार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं.७२

यूनिसेफ नेपालको साझेदारीमा संचालित बाल संरक्षण तथा बाल श्रम न्युनिकरण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.७३

निम्न टोल विकास संस्था, वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र, वातावरणमैत्री स्थानीय शासन, करदाता, मेलमिलाप समिति र सामाजिक परिचालकहरुलाई निम्न अनुसारलाई सम्मानित गर्ने निर्णय गरियो ।

(क) उत्कृष्ट टोल तर्फ  भ.उ.म.न.पा. वडा नं. ११ पोखरी टोल विकास संस्थाका अध्यक्ष श्री चन्द्रा कुमारी खड्का लाई पहिलो वातावरणमैत्री टोल घोषणा गरे वापत ।

(ख) भ.उ.म.न.पा. वडा नं. ११ स्याउली बजार टोल विकास संस्थाका अध्यक्ष श्री तुलसा ज्ञावलीलाई जैविक फोहरको उचित व्यवस्थापन गरे वापत ।

(ग) भ.उ.म.न.पा. वडा नं. ९ वडा नागरिक मंचका संयोजक श्री दिपक राज खनाललाई वालश्रम मुक्त वडा घोषण गर्न सफल

(घ) भ.उ.म.न.पा. वडा नं. २३ भगवान नागरिक सचेतना केन्द्रले जन चेतना सरसफाई, सामाजिक अभियानमा सक्रियता र सामुहिक रुपमा खेती गरि आय आर्जन गर्न सफल ।

(ङ) भ.उ.म.न.पा. वडा नं. ७ को वातावरणमैत्री वडा घोषणा समितिका संयोजक श्री राजेन्द्र बावु ढकाललाई उप-महानगरपालिकाको पहिलो वातावरणमैत्री वडा घोषणा गर्न सफल ।

(च) भरतपुर उप-महानगरपालिका  वडा नं. १० स्थित चितवन मेडिकल कलेज (चितवन स्कुल अफ मेडिकल साईन्सेस) लाई उप-महानगरपालिकाको उत्कृष्ट कर दाता भई नागरिक कर्तव्य निर्वाह गर्नु भएकोले ।

(छ) भरतपुर उप-महानगरपालिका स्तरिय  मेलमिलाप समितिका संयोजक श्री उत्तम राज खनाललाई उप-महानगरपालिकाका  सेवाग्राहीहरुको बिचमा उत्पन्न हुने विविध विवादहरुलाई सहमतिमा समाधान गरि सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन सफल

(ज) उत्कृष्ट सामाजिक परिचालक तर्फ भ.उ.म.न.पा. वडा नं. १९ का सिता अधिकारीलाई वडा नागरिक मंच, सचेतना केन्द्र एवं यस उप-महानगरपालिकाको सामाजिक परिचालनमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल ।

निर्णय नं.७४

यस भरतपुर उप-महानगरपालिका क्षेत्रभित्र देहायका क्षेत्रहरुलाई खुला क्षेत्रको रुपमा कायम गरि सार्बजनिक जानाकारीको लागि सुचना जारी गर्ने निर्णय गरियो ।

क. भ.उ.म.न.पा. वडा नं. ७ कृष्णपुर जग्गा एकीकरण आयोजनाको बोटानिकल गार्डेन क्षेत्र ।

ख. भ.उ.म.न.पा. १० स्थित गेष्ट हाउस चौर

ग. भ.उ.म.न.पा. २ स्थित क्याम्पाचौर

घ. भ.उ.म.न.पा. वडा १५ देखी २९ अन्तर्गत गौचरण लगायत अन्य सार्वजनिक जग्गा

ङ. भ.उ.म.न.पा. वडा नं ४ स्थित नगरवन

च. भ.उ.म.न.पा. वडा नं. ११ स्थित गणेशस्थान

छ. भ.उ.म.न.पा. वडा नं. ११ स्थित जलदेवी वन

ज. भ.उ.म.न.पा. २ स्थित नेपाल ट्रष्टको क्षेत्र

झ. भ.उ.म.न.पा. ३ स्थित नारायणी नदी किनार क्षेत्र

ञ. भ.उ.म.न.पा. का वाकि वडामा पहिचान भएका अन्य क्षेत्रहरु ।

निर्णय नं.७५

यस अघि गत आ.ब ०७२/७३ मा भ.उ.म.न.पा वोर्डले अनुमोदन समर्थन गर्ने गरि गरेका सवै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७६

चालु आ.व. ०७३/७४ देखि योजनाको Estimate गर्दा Lab Test गर्ने नीतिलाई कार्यान्वयन गर्न Estimate गर्दा नै लाग्ने रकम उल्लेख गर्ने निर्णय गरियो ।

निर्णय नं.७७

मिति २०७३/३/३१ गते आ.व.०७२/७३ को सुपरिवेक्षण प्रतिवेदन अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७८

वैदेशिक प्रयोजनको लागि आयस्रोत प्रमाणित गर्दा आयस्रोतको मापदण्ड तोकि सोही अनुसार गर्न उ.म.न.पा. बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७९

यस भरतपुर उप-महानगरपालिकामा आ.व. ०७४/७५ मा देहाय बमोजिमका योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

तपसिलः

| क.स. | योजनाको विवरण |
|---|---|
| १. | रामघाट देखि फुर्ति चोक सम्म सडक पुनः निर्माण तथा मर्मत । |
| २. | बसपार्क देखि ९ नं. वडा कार्यालय हुँदै इश्वरी नेपालको घरसम्म सडक पिच पुनः निर्माण तथा मर्मत । |
| ३. | वडा नं ४ पुल्चोक देखि प्रहरी चौकी हुदै ४ नं. वडा कार्यालय तर्फ सडक पिच निर्माण (नगर बन मार्ग) । |
| ४. | वडा नं. १९ फुलबारीचोक बाट पुर्व तर्फ प्रेमबस्ती चोक, गीतानगर हुलाकी सडक सम्म सडक पुनः निर्माण तथा मर्मत ।<br>वडा नं. ६ र १३ को सीमाना जानकी चोकबाट पश्चिम गोपाल चोक हुदै नमुना चोक सम्म । |
| ५. | धनगडा मन्दिर देखि राइनो ताल जाने पर्यटकिय सडक पिच निर्माण । |
| ६. | पटिहानीमा फाउण्डेशन जाली निर्माण । |
| ७. | पुतलीबजार चोक बाट बालकुमारी कलेज हुदै धन बहादुरको घर चोक सम्म सतह ढल तथा सडक निर्माण |
| ८. | नगर यातायात गुरु योजनाबाट प्रस्तावित चक्र पथको सिमाना तथा पुर्वाधार तयार गर्ने । |
| ९. | सौर्य सडक बत्ती । |
| १०. | अटो पार्क निर्माण । |

निर्णय नं. १३

भरतपुरलाई व्यवस्थित उप-महानगर तथा महानगरको रुपमा विकास गर्न आवश्यक ठूला पूर्वाधार आयोजनाहरु नेपाल सरकार, दातृ निकाय, अन्तराष्ट्रिय सम्बन्ध भएका निकायहरु संग माग गर्ने निर्णय गरियो ।

| **सि.नं.** | **आयोजनाको विवरण** | **कैफियत** |
|---|---|---|
| १. | अन्तराष्ट्रिय स्तरको रंगशाला निर्माण । | |
| २. | अन्तराष्ट्रिय स्तरको सभा सम्मेलन । | |
| ३. | अन्तराष्ट्रिय स्तरको औद्योगिक प्रदर्शनी केन्द्र निर्माण । | |
| ४. | व्यवस्थित वधशाला निर्माण । | |
| ५. | व्यवस्थित सार्वजनिक पुस्तकालय निर्माण । | |
| ६. | व्यवस्थित संग्राहलय । | |
| ७. | व्यवस्थित वाल उद्यान तथा उद्यानहरुको विकास । | |
| ८. | व्यवस्थित आर्ट ग्यालरी निर्माण । | |
| ९. | नारायणी नदीमा वैकल्पीक पक्की पुलको निर्माण । | |
| १०. | पूर्व तथा पश्चिम तर्फ जान वैकल्पीक राजमार्गको निर्माण । | |
| ११. | अन्तराष्ट्रिय विमानस्थलको संभाव्यता अध्ययन तथा भएका विमानस्थलहरुको विस्तार तथा स्तरोन्नति । | |
| १२. | भरतपुर रिङ रोडको रेखाङ्कन र विकास । | |
| १३. | जंगली जनावर र मानव वीचको द्धन्द अन्त्य गर्न निकुञ्ज सीमामा तारवार गर्ने । | |
| १४. | नारायणी नदीमा व्यस्थित तट्वन्ध र त्यसमा आधारित व्यवस्थित सडक निर्माण । | |

**मिति २०७२ साल पौष २८ गतेको नगरपरिषद् बैठकमा छलफल गरी निम्न अनुसार निर्णय गरियो ।**

निर्णय नं.११

आ.व. ०७१/०७२ को यथार्थ आय व्ययलाई अनुमोदन गर्ने निर्णय गरियो । चालु आ.व.०७२/०७३ को संसोधित आय/व्ययको अनुमानलाई स्वीकृत गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.१२

२०६० साल अगाडीको पेश्की वेरुजू फर्छ्योटको लागि समिति गठन गरि कार्यगर्दै आएकोमा त्यसलाई अझ प्रभाबकारी कार्यान्वयनको लागि  न.पा. वोर्डलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

आ.व. ०७१/०७२ मा संचालन भई कार्य सम्पन्न भएका योजनाहरुको जाँच पास र फरफारकका लागि नगरपरिषद्मा पेश हुँदा सो सम्वन्धमा छलफल भई जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

भरतपुर नगरपालिका पदपूर्ति समितिका सदस्य सचिव महेश बरालले पेश गरेको पदपूर्ती समितिको प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनमा औंलाएका विषयवस्तुलाई कार्यान्वियन गर्न भरतपुर उप-महानगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१५

कर, दस्तुर, शुल्क, महशुलको दररेट छुट भएमा वा संसोधन र निर्धारण गर्नु पर्ने भएमा नगरपरिषद्वाट अनुमोदन गराउने गरी कार्यन्वयन गर्न भ.उ.म.न.पा.वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

वालमैत्री कोषमा रकम संकलनका लागि नगर क्षेत्र भित्र सञ्चालन हुने मेला, महोत्सवहरुमा थप शुल्क लिन सक्ने अधिकार भ.उ.म.न.पा. वोर्डलाई दिने निर्णय गरियो ।

निर्णय नं.१७

साविक भरतपुर नगरपालिकाले जग्गा विकास तथा भवन मापदण्ड २०६४ कार्यान्वयन गर्दै आएकोमा यसलाई परिमार्जन गरि तयार गरिएको भ.उ.म.न.पा.को वस्ति बिकास,शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड ,२०७२ (संसोधित एवं परिमार्जित) छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

सरकारी/सार्जजनिक भवनको नक्सा पास अपाङ्ग मैत्री भए मात्र सो को नक्सा पास गर्ने नीति कार्यान्वयन गर्दै आएकोमा त्यसलाई आ.व. ०७२/०७३ देखी अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.१९

विद्युतीय वोलपत्र प्रणालीलाई आ.व. ०७०/०७१ देखी कार्यान्वयन गरिएकोमा यसलाई चालु आ.व. ०७२/०७३ र आगामी आ.व. ०७३/०७४ मा समेत प्रभावकारी रुपमा कार्यान्वयनमा निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.२०

आ.व. ०७२/०७३ को लागि वार्षिक खरिद योजना बजेट एवं कार्यक्रम संगै  पेश भए अनुसार पारित गर्ने निर्णय गरियो । साथै आगामी आ.व. ०७३/०७४ का लागि बजेट तथा कार्याक्रम अनुसार खरिद योजना पारित गर्ने निर्णय गरियो । खरिद योजना अनुसूचीमा संलग्न छ ।

निर्णय नं.२१

आ.व. ०७१/०७२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरियो साथै लेखा परिक्षण प्रतिवेदनमा औलाएका वेरुजुहरुको फर्छ्यौटतर्फ आवश्यक कारर्वाही गर्न र सुझावहरुलाई कार्यान्वयन गर्न उप-महानगरपालिकालाई निर्देशन दिने र उक्त अन्तिम लेखा परिक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो । ले.प. प्रतिबेदनमा उल्लेखित पेश्की वेरुजु फर्छ्यौट गर्न कार्यदल परिचालन गर्ने निणर्य गरियो ।

निर्णय नं.२२

क्षमता विकास योजना आ.व. ०७२/०७३ सम्मका लागि निर्माण गरी पारित भई सकेको हुँदा सोही वमोजिम चालु आ.व.०७२/०७३ मा कार्यान्वयन गर्ने निर्णय गरियो । नयाँ क्षमता बिकास योजना निमार्ण गरी पारित गर्न भ.उ.म.न.पा. बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो ।

निर्णय नं.२३

आ.व. ०७२/०७३ को भ.उ.म.न.पा. कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदनलाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२४

आ.व. ०७१/०७२ को सामाजिक परिक्षणको अन्तिम प्रतिवेदन नगरपरिषद् वैठकमा पेश भएकोमा सो उपर छलफल गरी प्रतिवेदनमा उल्लेखित विषयवस्तुहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२५

फोहरमैला व्यवस्थापनको लागि जनचेतना मुलक कार्यक्रम यस चालु आ.व. ०७२/०७३ र आगामी आ.व. ०७३/०७४ मा समेत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२६

यस भरतपुर उ.म.न.पा. मा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइएको कार्य विवरणका आधारमा निम्न अनुसार मुल्याङ्कनका सूचक बनाई उत्कृष्ठ पाँच जना कर्मचारीलाई निम्न अनुसार प्रसंशा-पत्र द्वारा पुरष्कृत गर्ने निर्णय गरियो ।

क. सूचक　　　　समय पालन　　　　अंक २० प्राप्ताअंक ..........

ख. सूचक इमान्दारीता अंक २० प्राप्ताअंक .........

ग.सूचक अनुशासन अंक २० प्राप्ताअंक .........

घ. सूचक कार्यदक्षता अंक २० प्राप्ताअंक .........

ङ. सूचक लगनशिलता अंक २० प्राप्ताअंक .........

वडा सचिब श्री सोम बहादुर लामा प्राप्ताअंक ७५

नगर प्रहरी श्री राजु थापा मगर प्राप्ताअंक ७३

कार्यालय सहयोगी श्री सिता राम देवकोटा र श्री सुर्य नगरकोटी प्राप्ताअंक ७२ , ७१

स्बीपर श्री देब माया देउजा प्राप्ताअंक ७०

निर्णय नं.२७

स्थानीय स्वायत्त शासन नियमावली, (चौथो संसोधन २०६६) २०५६ को नियम २२५ (ख) १, २ वमोजिम २०६७ साल देखी विशेष वढुवा भएका कर्मचारीहरुलाई ऐ ऐ नियमावलीको दफा २२५ (ख) को उपनियम (सात) वमोजिम नगरपालिकाको हाल मौजुदा रिक्त स्वीकृत दरवन्दीमा पदपूर्ती समितिको सिफारिस अनुसार न.पा. वोर्डले निर्णय गरी नियुक्ती दिंदाका वखत पदस्थापन गरे अनुसार यस उप-महानगरपालिकाको शाखा/उपशाखाहरुमा रहेको रिक्त दरवन्दी, पद, श्रेणी र तहमा पदसमायोजन गर्ने निर्णय कार्यान्वयनका लागि भ.उ.म.न.पा वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२८

चालु आ.व. ०७०/०७१ देखी नै वातावरण संरक्षण विशेष कोष खडा गर्ने र वातावरण संरक्षणसंग सम्वन्धित कार्यक्रमहरुको खर्च व्यवस्थापन सोही कोषवाट गर्ने गरिएकोमा यसलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.२९

राष्ट्रिय कार्यक्रमका अतिरिक्त जनस्वास्थ्य प्रर्वद्धन सम्वन्धी थप कार्यक्रमहरु नगरपरिषद्ले वजेट विनीयोजन गरे अनुसार संचालन गर्ने निर्णय गरियो । साथै स्वास्थ्य योजना पारित गर्ने समेत निर्णय गरियो ।

निर्णय नं.३०

विपदका क्षेत्रहरु, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरु समेत उल्लेख गरी आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan 2070) पारित गरी कार्यान्वयन गरिएकोमा त्यसलाई यस भ.उ.म.न.पा. को कार्य योजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३१

आ.व. ०७२/०७३ को लागि संसोधित र ०७३/०७४ को लागि वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम २०७२ पारित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३२

छुट्टै विपद् व्यवस्थापन कोष खडा भएकोमा सो कोषमा रकम जम्मा गर्ने र सो संग सम्वन्धित कार्यहरुको खर्च सोही कोषवाट गर्ने निर्णय गरियो ।

निर्णय नं.३३

भरतपुर उप-महानगरपालिकामा कार्यरत नगर प्रहरीहरुको काम कारवाही अझ व्यवस्थित गर्न र वृत्ति विकास समेतको लागि विनियम बनाउन  भ.उ.म.न.पा.बोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने निणर्य गरियो ।

निर्णय नं.३४

भरतपुर उप-महानगरपालिका वडा नं. ११ को बर्मेलिटोलमा निमार्ण भएका घरहरुको जग्गा भ.उ.म.न.पा. वडा न.२ निबासी श्री चिजकुमार श्रेष्ठको नाममा रहेको र गत बर्ष उक्त बर्मेली टोल निबासीहरु र जग्गा धनि वीच सहमति भई वर्मेलीटोल निवासीहरुले आफ्नो नाममा जग्गा धनि प्रमाण पुर्जा प्राप्त गरेको वर्तमान अबस्थामा नक्शा पास रोकिरहेकोमा उक्त क्षेत्रमा सडक तथा भबनको मापदण्ड पुगेका घरहरुको नियमानुसार जरिवाना लिई  सो घरहरुको नक्शापासको लागि २०७३ पुष मसान्त भित्र निबेदन पेश गरेको खण्डमा नक्शापास मापदण्ड बमोजीम नक्शा पास गरीदिने निर्णय गरियो ।

निर्णय नं.३५

जिन्सी निरिक्षण प्रतिवेदन उपर छलफल गरी सो प्रतिवेदनले औल्याएका सुझावहरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो । साथै यस कार्यालयको स्वामित्वयमा रहेका, जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम गर्न सिफारिस गरेका सामाग्री प्रकृया पुऱ्याई लिलाम विक्री गर्ने निर्णय गरियो ।

निर्णय नं.३६

स्थानीय स्वयत्त शासन ऐन,२०५५ को दफा २४९ वमोजिम यस नगरपालिकालाई आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी वर्तमान कार्यवोझलाई आधार मानी मौजुदा दरवन्दीलाई कायम गर्ने निर्णय गरियो । दरबन्दीको संरचना अनुसुचीमा संम्लग्न छ ।साथै अति आवश्यक पर्ने क्षेत्र (प्राविधिक, सरसफाई,वातावरण संरक्षण,पाकिङ्ग व्यवस्थापन, वारुणयन्त्र संचालन) आदि कार्य सेवा करारमा काममा लगाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३७

लैङ्गिक समता तथा समाजिक समावेशीकरणको नीति वमोजिम आर्थिक तथा समाजिक रुपमा पछाडी परेका समुदायको उत्थानको लागि नगरपालिका अनुदान संचालन कार्यविधिले उल्लेख गरे वमोजिम लक्षित समुहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी विनियोजित वजेटमा उल्लेखित कार्यक्रमहरु आ.व. ०७२/०७३ र आ.व. ०७३/०७४ मा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.३८

बालश्रम निवारण सम्वन्धी साथै बालमैत्री स्थानीय शासन पद्दती/कार्यक्रमलाई अझ प्रभावकारी रुपले कार्यान्वयन गर्ने र वि.सं. २०७६ सम्म वालमैत्री नगर घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.३९

चालु आ.व. ०७२/०७३ र आ.व. ०७३/०७४ लाई समेटिने गरी पेश भएको यस भरतपुर उप-महानगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन छलफल गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४०

भ.उ.न.पा. को आन्तरीक आय वृद्दीको लागि करदाता शिक्षा सम्वन्धी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४१

मर्मत सम्भार निर्देशिका २०७० पारीत गरी कार्यान्वयन गर्दै आएकोमा भरतपुर उप-महानगरपालिकाको लागि उक्त मर्मत सम्भार निर्देशिका प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४२

न.पा. मा संचालन हुने आयोजना तथा कार्यक्रमहरुको गुणस्तर परिक्षण एवं अनुगमन र सुपरीवेक्षणका लागि न.पा. प्रमुखको अध्यक्षतामा न.पा. वोर्डले वनाएको अनुगमन समितिलाई निरन्तरता दिदै अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४३

भरतपुर उप-महानगरपालिका क्षेत्र भित्र रहेका (सार्वजनिक/ऐलानी, पर्ती) जग्गाहरुको अभिलेख व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.४४

आ.व. ०७०/०७१ भन्दा अगाबै व्यवसाय दर्ता गरी व्यवसाय संचालन नगरेका व्यवसायीहरुको लगत कट्टा गर्नका लागि सार्वजनिक सूचना जारी गरी तोकिएको मिति भित्र व्यवसाय दर्ता खारेज गर्न आउने व्यवसायीहरुले तिर्नु पर्ने पछिल्लो तिन आर्थिक वर्षको लाग्ने शुल्क (कर चुक्ता गराई) वडा समिति कार्यालयको सर्जमिन मुचुल्काको आधारमा लगत कट्टा गर्ने नीतिगत निर्णय गरियो ।

निर्णय नं.४५

वातावरण मैत्री स्थानीय शासन प्रारुप २०७० आ.व. ०७०/०७१ देखी कार्यान्वयन गरिएकोमा यस प्रारुपलाई यसै चालु आ.व. ०७२/०७३ मा समेत विभिन्न कार्यक्रम योजना तर्जुमा गरी संचालन गर्न भ.उ.म.न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने र सोही निर्णय अनुसार कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४६

साविक भरतपुर नगरपालिकाको नवौं नगरपरिषद्को नीति अनुरुप विध्यमान कर्मचारी संख्यामा कटौती गर्ने नीतिलाई कार्यान्वयन गर्न यस कार्यालयमा १५ वर्ष भन्दा वढी स्थायी सेवा अवधी पुरा गरेका कर्मचारीहरु मध्येवाट चालु आ.व. ०७२/०७३ मा दुई जना स्थायी कर्मचारीहरुले यस Golden Handshake को निर्णय बमोजिम स्वच्छीक अवकास लिन चाहेमा पहिला निवेदन पेश गरेको तथा औचित्यको आधारमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६८ बमोजिम निजले पाउने उपदान रकमको हिसाव गर्दा निजको सेवा अवधिमा थप सात वर्ष सेवा अवधि थप गरी हुने जम्मा कुल वर्ष वरावरको उपदान रकम निजलाई स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ बमोजिमको कोषवाट भुक्तानी दिने निर्णय गरियो । पुनश्चः ५८ वर्ष पुरा भई अनिवार्य अवकास हुने उमेर सात वर्ष भन्दा कम वर्ष भएका कर्मचारीहरुको हकमा अनिवार्य अबकास हुन जति वर्ष बाँकी छ सोही वर्ष मात्र थप गणना गरी यो सुविधा दिइने छ ।

निर्णय नं.४७

साविक भरतपुर नगरपालिका कार्यालयको संगठन संरचनालाई समयानुकुल, एवं चुस्त दुरुस्त वनाउन र कर्मचारीहरुको वृति विकास गर्नका लागि चालु आ.व. ०७२/०७३ मा संगठन विकास सम्वन्धी अध्ययन विश्लेषण गराउन परामर्शदाता नियुक्त गर्न नगरपालिका वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४८

भरतपुर उप-महानगरपालिका को क्षेत्र बिस्तार भई साबिकको १४ वडा बाट हाल २९ वडा कायम भएको बर्तमान सर्न्दभमा नगरबासिलाई सर्बसुलभ सेवा प्रदान गर्न सेवाकेन्द्र स्थापनागर्न नागरिक समाज,राजनैतिक दल एवम् नगरबासिबाट व्यापक माग आएकोले भ.उ.म.न.पा.वडा नं.१० स्थीत वडा समितिको कार्यालयमा १ एक अधिकृत कर्मचारि समेत रहने गरि एक वटा सेबा केन्द्र स्थापना गर्ने र यस कार्यालय बाट अधिकार प्रत्यायोजन भए बमोजिम सेबा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.४९

आ.व. ०७१/०७२ देखी लागु हुने गरी एक घर दुई रुखको नीतिलाई यस भ.उ.म.न.पा. को नक्सापास मापदण्डमा Tie-Up गरी कार्यान्वयन गरिएकोमा यो नीतिलाई  निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.५०

भरतपुर उप-महानगरपालिका वडा नं. १, ३, ४, ५ स्थित नारायणी नदी किनार तथा नगरबन विशेष गरी नारायणगढ बजार क्षेत्रलाई पर्यटकीय स्थल, मनोरञ्जन पार्क तथा तीर्थस्थलको रुपमा समेत विकास गर्न आवश्यक देखिएकोले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली,२०६४ को नियम १५७ वमोजिम सार्वजनिक नीजि साझेदारी अवाधारणाअनुरुप नीजि क्षेत्र, नागरीक समाज समेतलाई सहभागी गराई कार्य गर्नका लागि निर्देशिका वनाउन न.पा. वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५१

आ.व. ०७१/०७२ को यथार्थ आय तथा खर्चको अन्तिम लेखा परिक्षण प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि प्रकाशीत गर्ने निर्णय गरियो ।

निर्णय नं.५२

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिमका सूचनाहरु कानुनले तोके बमोजिम प्रकाशन गर्ने र उक्त कार्य गर्न सूचना शाखा/सूचना अधिकारी/सूचना अधिकृत लाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.५३

नगर प्रोफाइल २०७२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५४

आवधिक नगर विकास योजनामा समय सापेक्ष परिमार्जन गर्ने निर्णय गरियो । साथै चालु आ.व. ०७२/०७३ मा भ.उ.म.न.पा. को नगर यातयात गुरु योजना अनुमोदनको लागि भ.उ.म.न.पा.बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५५

आगामि आ.व. ०७३/०७४ देखि भरतपुर उप-महानगरपालिका को दिगो फोहरमैला व्यबस्थापनको लागि सार्वजनिक निजि साझेदारीको नीति अनुरुप कार्ययोजना निमार्ण गर्न र चालु आ.ब.को बाकि छ ६ महिनाको लागी साबिकको निजि क्षेत्र ठे. श्याम कुमार श्रेष्ठ र यस कार्यालय बिच भएको सम्झौताको म्याद थप गरि कार्यगर्न भ.उ.म.न.पा. वोर्ड लाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.५६

एक आर्थिक बर्ष समाप्त भए पश्चात चालु आ.व.को अघिल्लो आ.ब.देखि मात्रको हिसावले हुन आउने सरसफाई सेबा शुल्कको ३० (तिस) प्रतिशत रकम सम्बन्धित टोल बिकास संस्था लाई फिर्ता दिने यस कार्यालयको मिति २०७२/०५/१८ को निर्णय अनुमोदन गर्ने र चालु आ.ब. ०७२/०७३ देखि यसै निणर्यको आधारमा सरसफाई सेबा शुल्क फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं.५७

भरतपुर उप-महानगरपालिका को दिगो फोहरमैला व्यबस्थापनको लागि चालु आ.ब.मा २ दुई वटा कम्प्याक्टर (सबारी साधन) स्बीकृत वजेटबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.५८

भ.उ.म.न.पा.कार्यालयको पेश्की तथा बेरुजु फर्च्यौट समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५९

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र यस कार्यालयका कार्यकारी अधिकृत बीच मिति २०७१/८/५ मा भएको कार्य सम्पादन सम्झौतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त सम्झौतालाई उप-महानगरपालिकाको मूल नीतिको रुपमा अपनाउने निर्णय गरियो । सो अनुसार बजेट कार्यक्रम बनाई कार्य योजना अनुसार कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं.६०

वि.सं. २०७६ साल सम्म साविक भरतपुर उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन नगर घोषणालाई निरन्तरता दिदै हाल भरतपुर उप-महानगरपालिकामा थप भएका वडाहरुलाई समेत समावेश गरी सोही अवधी सम्ममा यस उप-महानगरपालिकालाई बालमैत्री स्थानीय शासन उप-महानगरपालिका घोषणा गर्नका लागि विस्तारित क्षेत्रमा समेत बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रम विस्तार गर्ने गरी विगत वर्षदेखि संचालन गर्दै आएका कार्यक्रमहरुलाई निरन्तरता दिई घोषणा गर्न पुरा गर्नुपर्ने निर्धारित सूचकहरुको आधारमा आवश्यक थप पूर्वाधार तयार गर्दै जाने निर्णय गरियो ।

निर्णय नं.६१

यूनिसेफ नेपालको साझेदारीमा संचालित बाल संरक्षण तथा बाल श्रम न्युनिकरण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं.६२

निम्न टोल विकास संस्था र सामाजिक परिचालकहरुलाई निम्न अनुसार पुरस्कृत गर्ने निर्णय गरियो ।

(क) उत्कृष्ट टोल तर्फ उज्जवल टोल विकास संस्था भ.उ.म.न.पा. वडा नं. ७ लाई उत्कृष्ट सरसफाई र हरियाली प्रवर्द्धन गरेवापत ।

(ख) उत्कृष्ट सामाजिक परिचालक तर्फ भ.उ.म.न.पा. वडा नं. १२ पार्बती बराल

निर्णय नं.६३

यस भरतपुर उप-महानगरपालिका क्षेत्रभित्र देहायका क्षेत्रहरुलाई खुला क्षेत्रको रुपमा कायम गरी सार्बजनिक जानाकारीको लागि सुचना जारी गर्ने निर्णय गरियो ।

क. भ.उ.म.न.पा. वडा नं. ७ कृष्णपुर जग्गा एकीकरण आयोजनाको बोटानिकल गार्डेन क्षेत्र ।

ख. भ.उ.म.न.पा. १० स्थित गेष्ट हाउस चौर

ग. भ.उ.म.न.पा. २ स्थित क्याम्पा चौर

घ. भ.उ.म.न.पा. वडा १५ देखी २९ अन्तर्गत गौचरण लगायत अन्य सार्वजनिक जग्गा

ङ. भ.उ.म.न.पा. ४ स्थित नगरवन

च. भ.उ.म.न.पा. वडा नं. ११ स्थित गणेशथान

छ. भ.उ.म.न.पा. वडा नं. ११ स्थित जलदेवी वन

ज. भ.उ.म.न.पा. २ स्थित नेपाल ट्रष्टको क्षेत्र

झ. भ.उ.म.न.पा. ३ स्थित नारायणी नदी किनार क्षेत्र

ञ. पहिचान भएका अन्य क्षेत्रहरु

निर्णय नं.६४

गत आर्थिक वर्ष ०७१/०७२ मा ल्याण्डक्रुजर गाडी खरिदको लागी रु ६५०००० पैसठ्ठी लाख मात्र आन्तरिक आय बाट खर्च लेख्ने गरि यस कार्यालय बाट भएको निर्णय वमोजिम खर्च रकम अनुमोदन गर्ने निणर्य गरियो ।

निर्णय नं.६५

यस अघि गत आ.ब ०७१/०७२ मा भ.उ.म.न.पा वोर्डले अनुमोदन समर्थन गर्ने गरी गरेका सवै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.६६

चालु आ.व. ०७२/०७३ देखी योजनाको Estimate गर्दा Lab Test गर्ने नीतिलाई कार्यान्वयन गर्न Estimate गर्दा नै लाग्ने रकम उल्लेख गर्ने निर्णय गरियो ।

निर्णय नं. ६७

यस भरतपुर उप-महानगरपालिकामा आ.व. ०७४/०७५ मा देहाय बमोजिमका योजनाहरुको संभाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

तपसिलः

१. रामघाट देखि फुर्ति चोक सम्म सडक पुनः निर्माण तथा मर्मत ।

२. बसपार्क देखि ९ नं. वडा कार्यालय हुँदै इश्वरी नेपालको घरसम्म सडक पिच पुनः निर्माण तथा मर्मत ।

३. वडा नं ४ पुल्चोक देखि प्रहरी चौकी हुदै ४ नं. वडा कार्यालय तर्फ सडक पिच निर्माण (नगर बन मार्ग) ।

४. वडा नं. १९ फुलबारीचोक बाट पुर्व तर्फ प्रेमबस्ती चोक, गीतानगर हुलाकी सडक सम्म सडक पुनः निर्माण तथा मर्मत ।

५. वडा नं. ६ र १३ को सीमाना जानकी चोकबाट पश्चिम गोपाल चोक हुदै नमुना चोक सम्म ।

६. धनगडा मन्दिर देखि राइनो ताल जाने पर्यटकिय सडक पिच निर्माण ।

७. पटिहानीमा फाउण्डेशन जाली निर्माण ।

८. पुतलीबजार चोक बाट बालकुमारी कलेज हुदै धन बहादुरको घर चोक सम्म सतह ढल तथा सडक निर्माण ।

९. नगर यातायात गुरु योजनाबाट प्रस्तावित चक्र पथको सिमाना तथा पुर्वाधार तयार गर्ने ।

१०. सौर्य सडक बत्ती ।

११. अटो पार्क निर्माण ।

निर्णय नं.१

भरतपुर उप-महानगरपालिका पदपूर्ति समितिको मिति २०७३/७/८ गतेको निर्णय तथा सिफारीस वमोजिम यस भरतपुर उप-महानगरपालिका कार्यालयमा मिति २०६१/६/१ गते देखि स्थायी नियुक्ति पाई हाल सम्म कार्यरत रहनु भएका कार्यालय सहयोगी श्री सोम वहादुर लामाले स्तर बृद्धि गरि पाँउ भनि निवेदन पेश भएकोमा स्थानीय स्वायत्त शासन ऐन,२०५५ स्थानीय स्वायत्त शासन नियमावली,(संशोधन सहित) २०५६ को नियम २२५(ग) वमोजिम निजलाई मिति २०७३/७/१ गते देखि लागु हुने गरि कार्यालय सहयोगी (श्रेणी विहिन) द्धितिय स्तरबाट तृतिय स्तरमा स्तर बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं.२

भरतपुर उप-महानगरपालिका पदपूर्ति समितिको मिति २०७३/७/८ गतेको निर्णय तथा सिफारीस वमोजिम यस भरतपुर उप-महानगरपालिकाको नगर प्रहरी (श्रेणी विहिन) पदमा कार्यरत तपशिल बमोजिमका नगर प्रहरीहरुलाई मिति २०७३/७/१ गते देखि लागु हुने गरि देहाय अनुसार स्तर बृद्धि गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | नाम थर | शुरु नियुक्ति मिति | हाल कायम स्तर | बृद्धि हुने स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजु थापामगर | २०६६/१२/२० | पहिलो स्तर | द्धितिय स्तर | |
| २ | डबल बहादुर रिजाल | २०६६/१२/२० | पहिलो स्तर | द्धितिय स्तर | |
| ३ | प्रकाश शाही | २०६६/१२/२० | पहिलो स्तर | द्धितिय स्तर | |
| ४ | नोख बहादुर भण्डारी | २०६६/१२/२० | पहिलो स्तर | द्धितिय स्तर | |
| ५ | सुर्य प्रसाद पन्त | २०६६/१२/२० | पहिलो स्तर | द्धितिय स्तर | |
| ६ | खम बहादुर कार्की | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |
| ७ | राजु गौतम | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |
| ८ | सुनिल रायमाझी | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |
| ९ | लाल बहादुर भुजेल | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |
| १० | लाल माया चेपाङ्ग | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |
| ११ | अनिता चौधरी | २०६७/६/१४ | पहिलो स्तर | द्धितिय स्तर | |

मिति २०७२/९/२८ गते वसेको नगर परिषद् वैठकवाट पारित निर्णय नं. २७ को दफा उतार ।

निर्णय नं.२७

स्थानीय स्वायत्त शासन नियमावली, (चौथो संसोधन २०६६) २०५६ को नियम २२५ (ख) १, २ वमोजिम २०६७ साल देखी विशेष वढुवा भएका कर्मचारीहरुलाई ऐ ऐ नियमावलीको दफा २२५ (ख) को उपनियम (सात) वमोजिम नगरपालिकाको हाल मौजुदा रिक्त स्वीकृत दरवन्दीमा पदपूर्ती समितिको सिफारिस अनुसार न.पा. वोर्डले निर्णय गरी नियुक्ती दिंदाका वखत पदस्थापन गरे अनुसार यस उप-महानगरपालिकाको शाखा/उपशाखाहरुमा रहेको रिक्त दरवन्दी, पद, श्रेणी र तहमा पदसमायोजन गर्ने निर्णय कार्यान्वयनका लागि भ.उ.म.न.पा वोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

लिखितम् हामी तपसिल बमोजिमका मानिसहरु आगे यस भरतपुर उप-महानगरपालिकाको दोश्रो नगरपरिषद्बाट आ.व.०७३/०७४ को नीति,कर,दस्तुर,सेवा शुल्क र वजेट तथा कार्यक्रम पारित भएको निर्णय न.पा.कार्यालयको सूचना पाटीमा टाँस गरी सार्वजनिककरण गरेको ठीक साँचो हो भनि सहि छाप गरि दियौं ।

**तपसिल**

१.भ.उ.म.न.पा.वडा नं. वस्ने वर्ष का १

२. भ.उ.म.न.पा.वडा नं. वस्ने वर्ष का १

३. भ.उ.म.न.पा.वडा नं. वस्ने वर्ष का १

४. भ.उ.म.न.पा.वडा नं. वस्ने वर्ष का १

५. भ.उ.म.न.पा.वडा नं. वस्ने वर्ष का १

इति सम्वत् २०७२ साल महिना गते रोज शुभम् ..............................

६.स्थानीय निकाय संग सम्वन्धित ऐन,नियम,कार्यविधि,निर्देशिका तथा संवैधानिक प्रावधानहरु ।

६.स्थानीय निकाय संग सम्वन्धित ऐन,नियम,कार्यविधि,निर्देशिका तथा संवैधानिक प्रावधानहरु ।

६.स्थानीय निकाय संग सम्वन्धित ऐन,नियम,कार्यविधि,निर्देशिका तथा संवैधानिक प्रावधानहरु ।